# आदर्श कोतवाल गाउँपालिकाको विनियोजन ऐन, २०७९

**आदर्श कोतवाल गाउँपालिकाको आर्थिक बर्ष २०७९/०८० को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

सभावाट स्वीकृत मितिः- २०७९/०३/०९

**प्रस्तावनाः-** आदर्श कोतवाल गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को सेवा र कार्यहरुको लागि सञ्चितकोषवाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) वमोजिम आदर्श कोतवाल गाउँसभाले यो ऐन वनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः-**

(१) यस ऐनको नाम "**आदर्श कोतवाल गाउँपालिकाको विनियोजन ऐन, २०७९**" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०७९/०८० को निमित सञ्चितकोषबाट रकम खर्च गर्ने अधिकारः-**

(१) आर्थिक वर्ष २०७९/०८० को निमित गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची-१ म उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ४८,८१,०६,६००.७४।- (अक्षरेपी अरचालीस करोड एकासी लाख छ हजार छ सय पैसा चौहतर मात्र) मा नवढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषवाट खर्च गर्न सकिनेछ । साथै नेपाल सरकार, प्रदेश सरकार तथा अन्य निकायबाट प्राप्त रकम अनुदान पनि संचित कोषबाट गर्ने गरी निर्णय गरियो ।

३. **विनियोजनः-**

(१) यस ऐनद्वारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७९/०८० को निमित्त आदर्श कोतवाल गाउँपालिको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा वचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले वचत हुने शीर्षकवाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकवाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नवढ्ने गरी कुनै एक वा

एक भन्दा वढी शीर्षकहरुवाट अर्को एक वा एक भन्दा वढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा वाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा वाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतवाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकवाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा वढ्ने गरी कुनै एक वा एक भन्दा वढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ ।

## अनुसूचि-१
### (दफा २ संग सम्बन्धित)
### नेपालको संविधानको धारा २२९ (२) बमोजिम
### संञ्चितकोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | अन्य रकम | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँ कार्यपालिका | २६३१७०८१८.१० | २२४९३५७८२.६४ | - | ४८८१०६६००.७४ |